आज मिति २०७६।६।[illegible] गते यस सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माको अध्यक्षतामा तपशिल वमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको ५० औ वैठक वसि तपसिल वमोजिमको निर्णयहरु गरियो ।

<u>उपस्थिति:</u>

| क.स. | नाम थर, पद | हस्ताक्षर |
|---|---|---|
| १ | श्री झग बहादुर विश्वकर्मा (अध्यक्ष) | |
| २ | श्री मिना कुमारी सोमै मगर (उपाध्यक्ष) | |
| ३ | श्री बसन्त बहादुर जि.सी. (वडा अध्यक्ष, २ नं. वडा) | |
| ४ | श्री चिन्त बहादुर सोमै मगर (वडा अध्यक्ष, ४ नं. वडा) | |
| ५ | श्री भिम बहादुर मर्साँगी मगर (वडा अध्यक्ष, ३ नं. वडा) | |
| ६ | श्री तुल बहादुर रोका मगर (वडा अध्यक्ष, ६ नं. वडा) | |
| ७ | श्री मुकुन्दराज शर्मा (वडा अध्यक्ष, १ नं. वडा) | |
| ८ | श्री सन्त बहादुर बराल मगर (वडा अध्यक्ष, ५ नं. वडा) | |
| ९ | श्री मोहम्मद हलिम हलुवाई (कार्यपालिका सदस्य) | |
| १० | श्री टंक प्रसाद सुनार (कार्यपालिका सदस्य) | |
| ११ | श्री सुशिला के.एम. (कार्यपालिका सदस्य) | |
| १२ | श्री चन्द्रिमा थापा मगर (कार्यपालिका सदस्य) | |
| १३ | श्री जिवा सुनार (कार्यपालिका सदस्य) | |
| १४ | श्री खिमा सुवेदी (कार्यपालिका सदस्य) | |
| १५ | श्री सुवाश रिजाल (सचिव) | |

<u>अन्य उपस्थिति:</u>

| क.स. | नाम थर, पद | हस्ताक्षर |
|---|---|---|
| १ | श्री लक्ष्मण आचार्य (अधिकृत छैठौं) | |
| २ | श्री निर्मल पाण्डे (सह लेखापाल) | |
| ३ | श्री रुद्रराज शर्मा का.स. | |

Scanned with CamScanner

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

**मिति २०७६ असोज २७ मा गाउँपालिकाका अध्यक्ष श्री भग बहादुर विश्वकर्माज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरूः**

प्रस्ताव नं. १ः आर्थिक सहायता सम्वन्धमा ।

निर्णय नं. १ः देहायका संस्था र व्यक्तिलाई तपशिल वमोजिमको शिर्षकको निम्न वमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

| क्र सं. | व्यक्ति, संस्थाको नाम र ठेगाना | रकम | रकम खर्च हुने शिर्षक |
|---|---|---|---|
| १ | प्रदिप ब. क्षेत्री सरुमारानी २ | १०००० | दिर्घ रोगी तथा विपन्न नागरीक उपचार सहयोग |
| २ | डोक वहादुर मगर सरूमारानी ३ | २०००० | दिर्घ रोगी तथा विपन्न नागरीक उपचार सहयोग |
| ३ | चुरामणि रखाल सरूमारानी ३ | २०००० | दिर्घ रोगी तथा विपन्न नागरीक उपचार सहयोग |
| ४ | विकास गाहा सरूमारानी ४ | २०००० | दिर्घ रोगी तथा विपन्न नागरीक उपचार सहयोग |
| ५ | बासुदेव गिरी सरूमारानी ४ | २०००० | दिर्घ रोगी तथा विपन्न नागरीक उपचार सहयोग |
| ६ | केशव थापा सरूमारानी ४ | २०००० | दिर्घ रोगी तथा विपन्न नागरीक उपचार सहयोग |
| ७ | हस्त वहादुर पुन सरूमारानी ६ | २०००० | दिर्घ रोगी तथा विपन्न नागरीक उपचार सहयोग |
| ८ | खिम वहादुर बुढा सरूमारानी ६ | २०००० | दिर्घ रोगी तथा विपन्न नागरीक उपचार सहयोग |
| ९ | तिल वहादुर बुढा सरूमारानी ६ | १०००० | दिर्घ रोगी तथा विपन्न नागरीक उपचार सहयोग |
| १० | दुज वहादुर वि.क सरूमारानी १ | ५००० | विपन्न असहाय कोष |
| ११ | दिपक सुनार सरूमारानी २ | ५००० | विपन्न असहाय कोष |
| १२ | डल्ली कुमाल सरूमारानी ४ | ५००० | विपन्न असहाय कोष |
| १३ | नुरमला राना सरूमारानी ४ | ३००० | विपन्न असहाय कोष |
| १४ | भोज वहादुर सार्की सरुमारानी २ | १५००० | विपद व्यवस्थापन कोष |
| १५ | अनेरास्ववियु छैटौं प्युठान | ५००० | अन्य संस्था अनुदान सहायोग |
| १६ | प्रेम वहादुर गुरुङ सरूमारानी १ | २०००० | दिर्घ रोगी तथा विपन्न नागरीक उपचार सहयोग |

प्रस्ताव नं. २ः स्थानिय संग्रहालय व्यवस्थापन सम्वन्धमा ।

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्युठान
५ नं. प्रदेश, नेपाल
२०७३

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

निर्णय नं. २: सरूमारानी गाउँपालिका वडा नं. ३ मा रहेको रानीकुवा योग तथा शान्ति पार्क परिसर भित्रै नै स्थानीय संग्रहालय निर्माण गर्ने निर्णय गरीयो ।

प्रस्ताव नं. ३ः चौपारी निर्माण विनियोजन सम्बन्धमा ।

निर्णय नं. ३ः सबै वडामा एक एक वटा चौपारी निर्माण गर्नको लागि ५०/५०(पचास/पचास) हजार विनियोजन गर्ने निर्णय गरीयो ।

प्रस्ताव नं. ४ः विपन्न वर्ग शौचालय अनुदान सम्बन्धमा ।

निर्णय नं. ४ः सबै वडाहरूमा एक हप्ताभित्र विपन्न परिवारहरूको लगत संकलन गरी गाउँपालिका कार्यालयमा पठाउने तत्पश्चात सामाग्री खरिद गरी अविलम्ब वितरण गर्ने निर्णय गरीयो ।

प्रस्ताव नं. ५ः प्रत्येक वडामा एक वस्ती एक पोखरी निर्माण सम्बन्धमा ।

निर्णय नं. ५ः सबै वडामा एक एक वटा पोखरी निर्माण गर्नको लागि ५०/५०(पचास/पचास) हजार विनियोजन गर्ने निर्णय गरीयो ।

प्रस्ताव नं. ६ः पुर्ण सरसफाईयुक्त गाउँपालिका निर्माण सम्बन्धमा

निर्णय नं. ६ः यहि २०७६ चैत्र मसान्तभित्र सरूमारानी गाउँपालिकालाई पुर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्ने उद्देश्य बमोजिम, सरसफाई सम्बन्धी विभिन्न क्रियाकलापहरू प्रभावकारी तरीकाले कार्यान्वयन गर्न सबै वडास्तर, स्वास्थ्य शाखा, सबै स्वास्थ्य संस्था, वास युनिट, सबै विद्यालय, संघ संस्थाहरू सबैलाई समेट्ने गरी सरसफाई सम्बन्धि बृहत अन्तरक्रिया गरी सरसफाईका कार्यक्रमहरू संचालन गर्ने ।

प्रस्ताव नं. ७ः फोहोरमैला व्यवस्थापन सम्वन्धमा

निर्णय नं. ७ः सर्वपक्षिय फोहोरमैला व्यवस्थापन समिति गठन गरी फोहोरमैला विसर्जन केन्द्र ( Dumping site ) को उचित व्यवस्थापन मिलाउने

प्रस्ताव नं. ८ः छोरी पेवा बचत सम्वन्धमा

निर्णय नं. ८ः सरूमारानी गाउँपालिकाले छोरी पेवा वचत कार्यक्रम अन्तर्गत गाउँपालिकाभित्र रहेका दुईवटा सहकारी मार्फत गत आर्थिक बर्षदेखि नयाँ जन्मेका छोरीहरूको नाममा मासिक वचत गरिदिने गरेकोमा हाल सम्म सहकारीको वचत पास बुक दिने गरेकोमा अबदेखि गाउँपालिकाको नामको वचत पास वुक दिने व्यवस्था मिलाउन सहकारीसँग समन्वय गर्न प्रशासनलाई निर्देशन गर्ने निर्णय गरीयो ।

प्रस्ताव नं. ९ः अल्पकालिन महिला सहायता कोष सम्बन्धमा ।

निर्णय नं. ९ः अल्पकालिन महिला सहायता कोष परिचालन कार्यविधि, २०७६ कार्यपालिकाबाट सर्वसहमतिमा पारीत गरियो ।

Scanned with CamScanner

प्रस्ताव नं. १०ः समपुरक अनुदान माग सम्वन्धमा ।

निर्णय नं. १०ः विपन्न वर्ग सुरक्षित आवास बजेट अन्तर्गत यस गाउँपालिकाभित्र रहेका अति विपन्न परिवारका घरको खर र फुसको छाना हटाई जस्ता पाता वितरण कार्यको लागि संघीय सरकार समक्ष समपुरक अनुदान साझेदारीमा काम गर्नको लागि प्रस्ताव पेश गर्ने निर्णय गरीयो ।

प्रस्ताव नं. ११ः महिला स्वास्थ्य स्वयं सेविकाको खाजा तथा बैठक भत्ता सम्वन्धमा ।

निर्णय नं. ११ः स्वास्थ्य शिर्षक आन्तरिक श्रोतमा विनियोजित महिला स्वास्थ्य स्वयं सेविका खाजा, रिचार्ज र बैठक भत्ता बाट खर्च हुने गरी मोवाइल स्वास्थ्य कार्यक्रम समेतको रकमको विवरण देहाय बमोजिम हुने निर्णय गरीयो ।

| क्र.सं. | विवरण | पटक | संख्या | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मोवाइल रिचार्ज खर्च म.स्वा.से | १२ | ३४ | १५० | ६१,२०० | |
| २ | मासिक बैठक म.स्वा.स्व.से खाजा खर्च | १० | ३४ | ९० | ३०,६०० | |
| ३ | मोवाइल रिचार्ज खर्च स्वास्थ्य संस्था | १२ | ४ | १५० | ७,२०० | |
| ४ | मोवाइल स्वास्थ्य अर्धवार्षिक समिक्षा म.स्वा.स्व.से. यातायात खर्च | २ | ३४ | ४०० | २७,२०० | |
| ५ | अर्धबार्षिक समिक्षा खाजा खर्च | २ | ४६ | ९० | ८,२८० | |
| ६ | मोवाइल स्वास्थ्य अर्धवार्षिक समिक्षामा सहजकर्ता | २ | ४ | ५०० | ४,००० | |
| ७ | मोवाइल स्वास्थ्य अर्धवार्षिक समिक्षामा सह सहजकता | २ | ४ | ४०० | ३,२०० | |
| ८ | मोवाइल स्वास्थ्य अर्धवार्षिक समिक्षामा कार्यालय सहयोगी | २ | ४ | २०० | १,६०० | |
| ९ | अनुगमन सुपरभिजन खर्च | २ | | | ११,७२० | |
| | जम्मा | | | | १,५५,००० | |

प्रस्ताव नं. १२ः गाउँपालिकाको भवन निर्माण लागत अनुमानमा स्फेसीफिकेसन संशोधन सम्वन्धमा ।

निर्णय नं. १२ः गाउँपालिका भवन निर्माण लागत अनुमानमा ढुङ्गाको गारो ८ इन्च भएको जुन विभागिय नर्म्स अनुसार लगाउन नमिल्ने जसलाई परिमार्जन गरी १२ इन्चको लगाउने, त्यस्तै काठको ढोकाको फ्रेम ३×३ भएको जुन सानो हुने भएकोले परिमार्जन गरी ३×४ को फ्रेम राख्नुपर्ने लगायतका कुराहरू उल्लेख गरी प्राविधिक शाखाबाट टिप्पणी पेश भएकोमा गाउँपालिकालाई ठेक्का सम्झौतामा भएको जम्मा रकम भन्दा थप आर्थिक भार नपर्ने गरी उक्त लागत अनुमानका केही स्फेसीफिकेशनहरू परिमार्जन गर्नको लागि स्वीकृती प्रदान गर्ने निर्णय गरीयो ।

प्रस्ताव नं. १३ः ढुङ्गा गिट्टी, वालुवाको उत्खनन सम्बन्धमा

निर्णय नं. १३ः राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति - अनुसन्धान तथा कार्यक्रम सहयोग ईकाइ ) को मिति २०७६।४।२२ च.नं. ८ को पत्र अनुसार यस गाउँपालिका अन्तर्गत चुरे संरक्षण क्षेत्रमा पर्ने स्थानहरूको नदिजन्य पदार्थ (ढुङ्गा गिट्टी, वालुवा )को उत्खनन तथा निकासीको लागि जिल्ला अनुगमन तथा समन्वय समितिबाट अनुगमन गरी प्रतिवेदन पेश गर्ने व्यवस्था भएकोमा यस गाउँपालिकाको स्वीकृत IEE प्रतिवेदन अनुसार कुल परिमाण ८,०६,८२८ घ.मि. मध्ये उत्खनन गर्न सकिने परिमाण ( ६० प्रतिशत ) ५,४४,०८८ घ.मि. भनी उल्लेख भएकोमा चालु आ.व. २०७६।७७ मा तोकिएको स्थानहरूबाट ४० प्रतिशतले हुन आउने ३,५८,६४६ घ.मि. परिमाण घाट गद्दी गरी उत्खनन्, निकाशी गर्न जिल्ला अनुगमन तथा समन्वय समिति मार्फत चुरे तराई मधेश संरक्षण विकास समितिसँग अनुमती माग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १४ः विविध विषयका सम्बन्धमा

निर्णय नं. १४ः प्रस्ताव नं. १५ अन्तर्गत विविध विषयका बारेमा छलफल गरी देहाय बमोजिमका निर्णय सर्वसम्मत रूपमा पारीत गरीयो ।

(क) महाकवि लक्ष्मी प्रसाद देवकोटाको १११ औं जन्म जयन्ती समारोह आयोजना गर्ने साहित्य परिषद प्युठानको सहयोगको लागि पेश भएको निवेदन उपर छलफल गरी रू २००००( अक्षरूपी रू विस हजार ) अन्य संस्थालाई सहयोग शिर्षकबाट सहयोग गर्ने निर्णय गरीयो ।

(ख) नेचुरल इन्टरटेनमेन्ट नेपाल प्रा.लि. ले यहि मिति २०७६ असोज १३ गतेका दिन यस गाउँपालिकाको जनता मा.वि. बड्डाँडामा आयोजना गरेको सचेतनाका लागि मेचि महाकाली साँस्कृतिक यात्रा, २०७६ लाई रू ६०००० - अक्षरूपी साठी हजार ) अन्य संस्थालाई सहयोग शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरीयो ।

(ग) सरूमारानी गाउँपालिकाको केन्द्र रहेको स्थान बड्डाँडामा स्थायी प्रहरी चौकी निर्माणको लागि गाउँपालिकाको नाममा रहेको बड्डाँडा बजार बङ्गारीटोलको कित्ता नं. ४८५ र कित्ता नं. ४८८ जम्मा २०३५ व.मि. जग्गा जिल्ला प्रहरी कार्यालयको नाममा नामसारी गरिदिने निर्णय गरीयो ।

(घ) वडा नं. १ मा धन बहादुर रायमाझीको घर अगाडी रहेको सिंचाई पोखरी जिर्ण भएकोमा मर्मत संभार गर्नको लागि मर्मत संभार कोषबाट रू ५० हजार विनियोजन गर्ने निर्णय गरीयो ।

(ङ) सुकाखोला माझिलाढिक औलेनी कटान नियन्त्रणको लागि जाली लगाउने काममा विपद व्यवस्थापन कोषबाट रू २० हजार सहयोग गर्ने निर्णय गरीयो ।

(च) मनिखोला कोल्डाँडा सिंचाई ~~योजना~~ पाइप खरिद वडा नं. ५ को लागि मर्मत संभार कोषबाट रू ४० हजार विनियोजन गर्ने निर्णय गरीयो ।

(छ) स्वर्गद्वारी गेट गनाहा दाङ मोटरबाटोमा होम पाइप राख्ने कामको लागि मर्मत संभार कोषबाट रू ४५ हजार विनियोजन गर्ने निर्णय गरीयो ।

Scanned with CamScanner